१२२६/८३९

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३६८/२०७१/०७२

निर्णय नं. ८३९

सर्लाही जिल्ला मलंगवा न.पा. ८ बस्ने उग्रकान्त झा ......................................१ पुनरावेदक

विरूद्ध

जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, सर्लाही ......................................१ विपक्षी
सूचना अधिकारी, अधिकारी, जिल्ला शिक्षा कार्यालय, सर्लाही ......................................१

विषय :- आवश्यक कागजात उपलब्ध गराउनु भनिएकोमा उपलब्ध नगराईएकोले तामेलीमा राख्ने ।

सर्लाही जिल्ला मलंगवा न.पा. ८ बस्ने उग्रकान्त झाले जिल्ला शिक्षा कार्यालय, सर्लाही समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।२७ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको च.नं. ८२१ मिति २०७१।१२।२९ को पत्रबाट निवेदकलाई नेपाली नागरिकको परिचय खुल्ने कागजातको छाँयाप्रति माग गरेको देखिन्छ । उपर्युक्त अवस्था पछि हालसम्म पनि स्वयं निवेदकबाट माग गरेको कागजात प्राप्त हुन नसकेकोले तथा यस लामो अवधिमा निजले सूचना पाए नपाएको समेत जानकारी नगराएकोले पछि निजले सूचना पाइन भनी उजुरी निवेदन गरेमा थप कारवाही गर्न सकिने नै हुंदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेली दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ २ गते रोज १ शुभम्